निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
कलैया, बारा

पत्र सख्या : ०७९।०८०
च नं : ४६

मितिः २०७९।०५।२३

श्री जिल्ला समन्वय समितिको कार्यालय, बारा ।
श्री बारा जिल्ला स्थितका सबै स्थानीय तहको कार्यालय ।

**विषयः सफाई सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा निर्वाचन आयोग, नेपाल (कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा) को प.सं.च.नं.१२६/०७९।८० मिति २०७९/०५/२२ को पत्रानुसार स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तिस) दिन भित्र बुझाउनु पर्ने, व्यवस्था र स्थानीय तह निर्वाचन नियमावली २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषण भएको ३० (तीस) दिन भित्र सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था बमोजिम स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही नहुनपर्ने हो ? सोही ऐनको सोहीको उपदफा (४) बमोजिम गोरखापत्रमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र उम्मेदवारहरले सफाई सहितको स्पष्टीकरण जिल्ला निर्वाचन कार्यालय, बारामा आफै उपस्थित भई पेश गर्नुहुन अनुरोध छ । साथै यस कार्यालयबाट यसै पत्र साथ संलग्न राखि नाम नामेशी सहितको विद्युतीय प्रति सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालय तथा सम्बन्धित स्थानीयको कार्यालयको Website, Facebook Page र सूचना पाटीमा सबैले देख्ने गरी नाम नामेशीको विवरण प्रकाशन गरी सोको रितपूर्वक मुचुल्का खडा गरी यस जिल्ला निर्वाचन कार्यालय, बारामा यथाशिघ्र पठाईदिनु हुन समेत अनुरोध छ ।

**नोटः** राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना यसै पत्र साथ संलग्न छ ।

०८।२३

सरोज कुमार चौधरी
(जिल्ला निर्वाचन अधिकारी)

सरोज कुमार चौधरी
जिल्ला निर्वाचन अधिकारी

घुसुकपुर, कलैया-५, बारा फोन नं. ०५३- ५५०४७५ । मो. नं. ९८५५०४५८१०
E-Mail: deo.bara.@election.gov.np
"निर्वाचनमाः सबै, सधैं, सँगै ।"

विस्तृत विवरण परिषद् परीक्षा नियन्त्रण ... कार्यालयको वेबसाइट ctevtkarnali.org.np मा हेर्नुहुन अनुरोध छ।

राष्ट्रिय दैनिक गोरखापत्र

# निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

प्रकाशन मिति : २०७९।५।२३

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

। शौचालय, छ। आवास

प्रयाप्त वर्षा नहुँदा ८५ प्रतिशत खेतबारीमा रोपाइँ नगरिएको तथा १५ प्रतिशत गरिएको रोपाइँ पनि सुकेर नष्ट भएपछि स्थानीय सरकारले गत साउन

तथा राहत वितरणका व्यवस्थाका लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारलाई सिफारिस गर्ने निर्णय गरेको समितिले जनाएको छ।

# निर्वाचन आयोग, नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम नगर कार्यपालिका र गाउँ कार्यपालिकाको उम्मेदवारहरूले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र जिल्ला समन्वय समितिका उम्मेदवारहरूले आफू उम्मेदवार भएको जिल्ला समन्वय समितिको कार्यालयमा ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्लाको प्रदेश वा जिल्ला निर्वाचन कार्यालयलाई वा निर्वाचन आयोग नेपालमा उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम स्थानीय तहको नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र जिल्लाको जिल्ला निर्वाचन कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेवसाइटहरूमा हेर्नसकिने व्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

CS CamScanner

स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत मधेश प्रदेशको कार्यपालिका सदस्यमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गरे/नगरेको विवरण

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/ पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८० | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | महिला सदस्य | श्रीमती सुनैना देवी कलवारीन | १२२२८९३० | महिला | ५५ | नेपाली कांग्रेस | निर्वाचित | पेश नगरेको |
| १८१ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | महिला सदस्य | लालमुनी देवी तत्मा | १५५४३३७५ | महिला | ३५ | नेपाली कांग्रेस | निर्वाचित | पेश नगरेको |
| १८२ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | महिला सदस्य | चिन्ता देवी | १२१६४३३० | महिला | ४५ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| १८३ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | महिला सदस्य | अनिता कुमारी साह | २५३४९९७९ | महिला | २४ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| १८४ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | महिला सदस्य | मोतीजन खातुन | १२१०९५७२ | महिला | ३८ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | पराजित | पेश नगरेको |
| १८५ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | महिला सदस्य | गिरजा हजारा देवी | २००८६११४ | महिला | ३१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | पराजित | पेश नगरेको |
| १८६ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | महिला सदस्य | रमकलिया चमइन | १२१८२२१८ | महिला | ७० | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | पराजित | पेश नगरेको |
| १८७ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | महिला सदस्य | माला सहनी | १७३२९६५२ | महिला | ४८ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | पराजित | पेश नगरेको |
| १८८ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | दलित वा अल्पसङ्ख्यक सदस्य | शिवजी कुमार कलवार | १२२३१६५५ | पुरुष | ३६ | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | निर्वाचित | पेश नगरेको |
| १८९ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | दलित वा अल्पसङ्ख्यक सदस्य | राजहरण प्रसाद कानु | १२१६५२७१ | पुरुष | ६७ | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजबादी) | निर्वाचित | पेश नगरेको |
| १९० | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | दलित वा अल्पसङ्ख्यक सदस्य | अम्बिका साह कानु | १२१६५८४२ | पुरुष | ६६ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | पराजित | पेश नगरेको |
| १९१ | मधेश प्रदेश | बारा | प्रसौनी गाउँपालिक | दलित वा अल्पसङ्ख्यक सदस्य | उमापती देवी कानु | १२१६५३१४ | महिला | ५५ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | पराजित | पेश नगरेको |

CamScanner